राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ६०१/२०७२/०७३

निर्णय नं. ८०९

जिल्ला ओखलढुगां मूलखर्क-२ बस्ने दिर्ग बहादुर खत्री.................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालय, ओखलढुगां.............................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, ओखलढुगां ................................................१

विषय :- सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

जिल्ला ओखलढुगां मूलखर्क-२ बस्ने दिर्ग बहादुर खत्रीले जिल्ला प्रशासन कार्यालय, ओखलढुगा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।१०।२४ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।११।०५, च.नं. ८४४ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त जिल्ला प्रशासन कार्यालय, ओखलढुगांको मिति २०७२।११।२०, च.नं.१७९२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरिसकिएको भनी यस आयोगलाई जानकारी गराइएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल बैशाख ५ गते रोज १ शुभम् ।